# इनरुवाको नरसिंह

–रमेश जंग थापा

विष्णु वैदिक देवता हुन् । उनको उल्लेख ऋग्वेद लगायत अन्य वेदहरूमा पनि भएको छ । तर वैदिक विष्णु, पछिल्लो कालको पौराणिक साहित्यमा वर्णित बिष्णु समान शक्तिशाली थिएन । भागवत धर्मका प्रधान देवता वासुदेव विष्णुको पुजा पांचौ शताव्दी ईशापूर्व देखिनै हुने गरेता पनि विष्णुको मूर्तिहरू भारतको कुषाणकालीन मथुरा शिल्पमा देखा पर्न शुरु हुन्छ । पछि गएर गुप्तकालीन कलामा यो पूर्ण रूपले विकसित भएको पाइन्छ ।

नेपाली कलालाई पनि यसको प्रारंभिक काल देखिनै विष्णुको 'विभव' अर्थात् 'अवतार' परंपराले प्रभावित पारेको देखिन्छ (१) । पूर्व लिच्छविकालीन कलामा, वामन, वराह कृष्ण (कालिय दमन) र नरसिंहको अवतारले प्रतिनिधित्व पाइसकेका थिए । मानदेवको संवत् ३८९ को वामन मूर्ति, नेपालमा भेटिने विष्णुको अवतार परंपराको, अभिलेखअंकित प्राचीनतम मूर्ति हो (२) ।

नरसिंह (३) को उल्लेख, शिवदेव + अंशुवर्माको संवत् ५१७ को अभिलेखमा र अंशुवर्माको संवत् ३२ को अभिलेखमा पाइन्छ । शिवदेव + अंशुवर्माको अभिलेख-

---

१ विष्णुको अवतारहरूको संवन्धमा महाभारत र पौराणिक साहित्यमा निकै विवरण पाइन्छ । तर अवतारको संख्याको संवंधमा भने मतभिन्नता देखिन्छ । अग्नि, वायु र वराह पुराणमा दस अवतारको वर्णन पाइन्छ । वायु पुराणको दस वटाको सूचिमा नाम फरक छ । यसै गरी भागवत पुराणमा बाइस र अर्ह पाञ्चरात्र संहितामा उनन्चालिस वटा सम्म अवतारहरूको उल्लेख भएको छ ।

२ लाजिम्पाटको मानदेवको संवत् ३८९ को वामन मूर्ति राष्ट्रिय संग्रहालयको प्रदर्शन कक्षमा राखिएको छ । यसै कालको आर्को मूर्ति पशुपति तिलगङ्गा निर छ । मानदेवको संवत् ३८६ को चांगु नारायणको स्तम्भलेखमा "हरिः" शब्दको प्रयोग भइसकेको छ । स्तम्भ लेखको अध्ययनबाट सवत् ३८६ भन्दा अघि नै वैष्णव कलाको जग बसी सकेको विश्वसनीय सूचना पाइन्छ ।

३ नरसिंह अवतारको कथा पौराणिक साहित्यमा आउँछ जुन हाम्रो नेपाली समाजमा निकै लोकप्रिय छ । हिरण्यकशिपु र हरिभक्त प्रह्लादका बिचमा वाद बिवाद हुन्छ र अन्त्यमा बिष्णुको नरसिंह अवतार हुन्छ । मत्स्य पुराणमा, नरसिंह र हिरण्यकशिपुले एक अर्कासंग घात प्रतिघात गरेको रोचक विवरण पाइन्छ । विष्णुधर्मोत्तर, रूपमण्डन, शिल्परत्न र अग्निपुराण आदिमा पनि नरसिंह अवतारको विस्तृत विवरण दिएको छ ।

मा नरसिंह पाञ्चालीको उल्लेख भएको छ (४)। अंशुवर्माको हाँडिगाउँको संवत् ३२ को अभिलेखमा तत्कालिन प्रमुख विहार, देवता, ब्राह्मण, पाञ्चाली, गौष्ठिक आदिले पाउने भागको विवरण दिइएको छ। यसरी भाग पाउने देवताहरूमध्ये नरसिंहदेव ले ३ पुराण १ पण पाउने स्थिति बन्धेज बाँधिएको छ (५)। लिच्छविकालमा बूढानीलकण्ठ क्षेत्र दुई पाञ्चालीमा विभाजित थियो; अभिलेखमा वर्णित आङलाबसपिता र नरसिंह पाञ्चाली। यताबाट लिच्छविकालीन नेपालमा नरसिंहको महत्वपूर्ण स्थान र प्रभाव रहेको तथ्य विदित हुन्छ। तर अंशुवर्माको अभिलेखमा वर्णित नरसिंह देवको मूर्ति भने आजसम्म फेला परेको छैन। यतिमात्र होइन, स्पष्ट रुपले लिच्छविकालको नरसिंह भन्न सकिने मूर्ति पनि अहिले सम्म देखिएको छैन। पछि मल्ल कालमा आएर नरसिंहको प्रतिनिधित्व भएको उदाहरण धेरै भेटिन्छ। यसमा नरसिंहको दुवै थरिको, अर्थात् दसावतारको सिलसिलामा र स्वतंत्र रूपमा प्रतिनिधित्व भएको देखा पर्छ। यी दुवै कालको बीचमा, करीब दसौं–एघारौं शताब्दी ताकाको नरसिंहको एउटा दुर्लभ मूर्ति चांगु नारायणको प्रांगणमा देखा पर्छ। यसमा लिच्छवि कालको स्वाभाविक सरलता, लालित्य र गतिशीलताको अभाव भए तापनि लिच्छविकालीन कलाको प्रभावबाट यो मूर्ति सर्वथा मुक्त छैन। केही मात्रामा

---

४ यस अभिलेखको प्रतिलिपि, श्री ५ को सरकार पुरातत्व विभाग अन्तर्गतको राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ। 'पूर्णिमा' को १८ अङ्कमा र 'लिच्छविकालका अभिलेख' मा श्री धनबज्रले र नोलीले पनि यो अभिलेख प्रकाशित गरिसक्नु भएको छ। सर्व प्रथम भगवान लाल द्वारा आंशिक रूपमा यसको प्रकाशन भएको थियो। अभिलेखको संबंधित केहि अंश तल दिइन्छन्:–

१. ॐ स्वस्ति मानगृहाच्छ्रु तनय विनयगाम्भीर्या-द्यशेष

२. सद्गुणगणाधारो लिच्छविकुलकेतुर्भट्टारक महाराज श्री शि-

३. वदेवः कुशली आङलाबकसविता नरसिंहोभय पाञ्चाली–

४. निवासिनो ......................

अभिलेखको पुरा विवरणको लागि नोलीको 'नेपलिज इन्सक्रिपसन् इन गुप्ता करेक्टर्स' को संख्या २७ पृष्ठ ३५–३६ र श्री धनबज्रको 'लिच्छविकालका अभिलेख' को संख्या ६४ पृष्ठ २६०–२६२

५ यो अभिलेख, लेभी, नोली र श्री धनबज्र (पूर्णिमा, अङ्क १४) ले प्रकाशित गराब सकेको छ। साथै श्री धनबज्रले आफ्नो 'लिच्छविकालका अभिलेख' नामक ग्रन्थमा पनि प्रकाशित गराएको छ।

अभिलेखको संबंधित अंश यस प्रकार छः—

१. स्वस्ति कैलासकूट भवनाद......

२. नो भगवत्पशुपति भट्टारक (पादानुगृहीतो बप्प पादानुध्या–)

३. तः श्री महासामन्तांशुवर्माकु (शली)...

४. गृहिक्षेत्रिकादिकुटुम्बिनो य (थार्हम्प्रतिमा) न्यानु (दर्शयति वि)

५. दितम्भवतु भवताङ्गृहक्षेत्रादिश्रावणिकादान...

६. भिरयम्मर्यादाबन्धः कृत एतेन भवद्भिर्व्य-वहर्तव्यंयत्र (भगव)

७. तः पशुपतेः पु ६ प २ दोलाशिखरस्वामिनः पु ६ प २...

८. गुं विहारस्य पु ६ प २ श्री मानविहारस्य पु ६ प २ श्री रा (ज)

९. विहारस्य पु ६ प २ खर्जूरिका विहारस्य पु ६ प २ म (ध्य)

१०. महाविहारस्य पु ६ प २ सामान्यविहाराणां पु ३ प १ गमेश्व


११ रस्य पु ३ प १ हंसगृहदेवस्य पु ३ प १ माने-श्वरस्य पु ३

१२. प १ साम्बपुरस्य पु ३ प १ वाग्वती पारदेवस्य पु ३ प १ धारा-

१३. मानेश्वरस्य पु ३ प १ पर्वतेश्वर देवस्य पु ३ प १ नरसिंह-

१४. देवस्य पु ३ प १ ... ... ...

यस अभिलेखको सम्पूर्ण पाठको लागि नोली र श्री धनबज्रको "लिच्छविकालको अभिलेख" हेर्नुस्।



इनल्वा नरसिंहको अग्र र पृष्ठ भाग



नासाग्र-दृष्टिमा इनरवाको नरसिंहको सौम्य स्वरुप



इनरवाको नरसिंह तटस्थ र शान्त मुद्रामा

भएपनि त्यसको फल्को यस मूर्तिमा देख्न सकिन्छ (६)। त्यस पछि तेह्रौं शताब्दीको विष्णुधर्म पुराणको गातामा नरसिंहको चित्र देखिन्छ। पुरातत्व विभागद्वारा प्रकाशित 'नेपाली कला' नामक पुस्तकमा यसको प्रकाशन भइ सकेको छ।

उपरोक्त संदर्भमा इनरूवामा फेला परेको अत्यन्त दुर्लभ र प्राचीन मूर्तिलाई (फलक १ देखि ४ सम्म) हेरौं (७)। बलौटे ढुंगामा वनेको यो मूर्ति ६४ सेन्टीमीटर अग्लो र ३९ सेन्टीमीटर चौडा छ। ढुंगा ५ सेन्टीमीटर च्याप्टो छ। नरसिंहलाई यहाँ स्थानक वा समभंग मुद्रामा प्रस्तुत गरिएको छ। गोलाकार, सादा प्रभामण्डलको पृष्ठभूमिमा नरसिंहको सौम्य स्वरूप निकै प्रभावशाली देखिन्छ। नरसिंहको नासाग्र–दृष्टिले उनको स्वरुपलाई अपूर्व शान्ति प्रदान गरेको छ। उनको सौम्य मुहारमा कुनै पनि व्यक्तिले सहजै एउटा दिव्यआभा छरिएको अनुभव गर्न सक्तछ। नरसिंहको वाहुलीमा विष्णुको चार सर्वाधिक लोकप्रिय आयुधहरू देखा पर्दछ। तल्लो दुई वाहुलीको गदा र चक्र स्पष्ट छ। माथिल्लो एउटा वाहुलीमा शङ्ख छ। तर अर्को वाहुलीको आयुध अलि अस्पष्ट छ। यसमा नरसिंहले (विष्णुको आयुध मध्येको एक) फल ग्रहण गरेको हुन सक्तछ। यसले यो मूर्ति विशेषमा 'कमल' (पद्म)को प्रतिनिधित्व गरेको बुझिन्छ। कतैकतै यस मुद्राले वरद मुद्राको सांकेतिक प्रतिनिधित्व पनि गर्ने गरेको छ। अस्पष्ट अवस्थाले गर्दा यो अमृत–घट हो कि भन्ने शंका पनि उत्पन्न हुन्छ (८)। नरसिंहको गलामा कण्ठी (एकावली), शरीरमा यज्ञोपवित र वाहुलीमा आभुषणहरू देखिन्छ। आभुषणहरूमा प्रारंभिक कालको सरलता र सादगी देख्न सकिन्छ। यसै गरी शरीरको तल्लो भागमा, घुंडा देखि केही मुनि सम्म पुगेको, धोतीको प्रयोग भएको छ। सिरको जटा घना छैन; सरल र साधारण छ। सिरको मध्य भागमा बुद्धको उष्णीसको स्मरण गराउने गोलाकार भाग यहां केवल जटामुकुटको रूपमा मात्र नभई संभवत: 'प्रज्ञा' को प्रतीक स्वरूप पनि प्रस्तुत गरिएको हुन सक्तछ। मूर्तिको पृष्ठ भाग खस्रो छ। समभंग मुद्रामा, दरोसंग उभिएको यस मूर्तिले अपूर्व शक्ति र दृढताको प्रदर्शन गर्दछ। नेपालमा सामान्य रूपमा पाइने नरसिंहको अन्य मूर्तिहरू भन्दा यो एकदमै भिन्न छ।

शास्त्रको परंपरा अनुसार, नरसिंहलाई मुख्यत: तीन रूपमा देखाइन्छ; गिरिजा–नरसिंह, स्थौंग–नरसिंह र केवल नरसिंह (वा योग–नरसिंह)। केवल–नरसिंहलाई योग–नरसिंह पनि भनिन्छ। तर गोपीनाथ रावले अझै एक चौथो किसिमको नरसिंहलाई 'यानक–नरसिंह" को नामले उल्लेख गरेको छ। यस किसिमको उपलब्ध शास्त्रीय प्रमाणको परिप्रेक्षमा, नेपालमा पाइने, विशेष गरी इनरूवाको उपरोक्त महत्वपूर्ण मूर्तिलाई जांचौं। तर सो गर्नु अघि यतिखेर यो स्पष्ट गरिदिनु उपयुक्त होला कि शास्त्रीय परंपरा वा विधान संग अक्षरस: मिल्ने खालको मूर्ति पाउन साह्रै कठिन छ। एउटा वा अर्को श्रोतले दिएको विवरणमा, ध्यान वा आयुध वा शैलीमा पृथकता पाइन्छ। वाहुलीको संख्या अथवा बसउठको स्थितिमा पनि विविधता भेटिन्छ। यसले गर्दा कुनै एक नरसिंहलाई कुन श्रेणी–विशेषमा राख्ने हो भन्ने कुराले कहिलेकाहीं भ्रम र समस्या उत्पन्न गर्दछ। यसै संदर्भमा पहिले चांगुको नरसिंहमाथि विचार गरौं। यस-

६ ए. लिप्पेले यसलाई आठौं शताब्दीको मूर्ति मान्नु भएको छ (*Visnu's conch in Nepal, Oriental Art, N. S. Vol. VIII, No. 3 Page 119*)

७ नरसिंहको यो दुर्लभ मूर्ति खेत खन्दा फेला परेको हो। कोदालोको चोटले यो मूर्ति दुई टुक्रा भएकोले यसलाई जोडेर इनरूवा बजारको एक मन्दिरमा यसलाई राखिएको छ। सर्वप्रथम यस लेखमा यस मूर्तिलाई प्रकासनमा ल्याइएको छ।

८ श्री वासुदेव शरण अग्रवालले आफ्नो पुस्तक "भारतीय कला" मा मथुराको कुषाण कलामा एउटा यस्तो विष्णुको अप्राप्य मूर्तिको उल्लेख गर्नु भएको छ जसले एउटा वाहुलीमा अमृतघट लिएको छ।

लाई गिरिजा–नरसिंह अथवा स्थौण–नरसिंह मध्ये कुन श्रेणीमा राख्ने ? गिरिजा–नरसिंहको कल्पना पहाडको गुफाबाट आउन लागेको सिंहको रुपमा गरिएको छ । 'स्थौण' को अर्थ हो स्तम्भ र हिरण्यकशिपुको बध गर्न, भग्न–स्तम्भबाट नरसिंहले अवतार ग्रहण गरेको हुनाले यस शैलीमा बनेको मूर्तिलाई "स्थौण–नरसिंह" भनिन्छ । स्थौण–नरसिंहको मूर्तिहरूमा हिरण्यकशिपुलाई काखमा राखी बध गरेको वा नगरेको तथा बसेको र उठेको दुवै प्रकारको उदाहरण भेटिन्छ । माथिको स्थितिमा चांगुको नरसिंहलाई कसैले गिरिजा–नरसिंह पनि भन्न सक्ने छ । किनकि यहाँ, मूर्तिको तल्लो भागमा, कलाकारले पहाड वा ढुंगाको कलाकृति देखाउन खोज्नुका साथै गुफाको आभास पनि दिन खोजेकाले यस्तो धारणा बनाउनु अस्वाभाविक देखिदैन । तर, यस्तो पहाडको आकार वा ढुंगाको बुट्टा देखाउनु नेपाली मूर्तिको लागि कुनै अनौठो वा विशेष कुरा होइन । लिच्छविकालीन र सो पछिका अन्य मूर्तिहरूमा पनि यस्तो दृष्य धेरै संख्यामा देख्न पाइन्छ । तसर्थ यतिकै आधारमा चांगु-नरसिंहलाई गिरिजा–नरसिंह प्रमाणित गर्न एकदमै कठिन पर्नेछ । वरु 'स्थौण–नरसिंह' भनि यसलाई प्रमाणित गर्न दरो आधार मिल्ने छ । कारण, चांगु–नरसिंहको दुवै पाउ, केही मात्रामा दृश्य स्तम्भको सिरोभागमाथि अडेको छ । यसले स्तम्भबाट नरसिंहले अवतार लिएको भावलाई अभिव्यक्त गर्दछ । यताबाट चांगु–नरसिंहलाई स्थौण नरसिंहको प्रकार–विशेष पनि भन्न सकिन्छ । हनुमान ढोका दरवारको नासलचोकमा प्रताप मल्लको र ललितपुर दरवार–क्षेत्रको पेटीमा र भक्तपुर दरवार क्षेत्रमा समेत हिरण्यकशिपुलाई वध गर्न लागेको नरसिंह मूर्ति देखिन्छ । दसावतारको प्रस्तुतिकरणको सिलसिलामा पनि यस रूपको नरसिंह मल्लकालीन अन्य कलाकृतिमा समेत बराबर भेटिन्छ । हनुमानढोकाको मोहनचोकमा (प्रताप मल्लकालीन) दसावतारको सिलसिलामा यस्तै एक मूर्ति र चांगु नारायणको काष्ठकलामा पनि यही रूप दर्शाइएको छ । तर मल्लकालको केही उत्तम नमुना खोज्न पाटन, मंगलबजारको मन्दिरमा पुग्नुपर्छ । त्यहाँ पुरन्दर सिंहले आफ्नो दाजु नरसिंहदेवको स्मृतिमा स्थापना गरेको नरसिंहको मूर्ति (फलक. ५) उल्लेख योग्य छ (९) । आठ वाहुली भएको यस नरसिंहलाई हिरण्यकशिपुको वधको (सामान्यतया धेरै जसो मूर्तिमा देखिने) मुद्रामा यहाँ देखाइएको छैन । आठ वटा वाहुली मध्ये नरसिंहको दाहिने तर्फको सबै भन्दा माथिल्लो वाहुलीमा रहेको खड्ग यसको विशेषता मध्ये एक हो (१०)। यस मूर्तिमा एउटा कुनामा अञ्जली मुद्राको गरुड र अर्को कुनामा उनको शक्तिलाई देखाइएको छ । आफ्नो प्रियजनको लागि मन्दिर वा मूर्ति–प्रतिष्ठा गर्ने प्राचीन परंपरा छ । यसरी नै सम्वत् ३८९ मा लिच्छवि नरेश मानदेवले आफ्नो आमा राज्यवतीको पुण्य वृद्धिका लागि वामन मूर्तिको प्रतिष्ठा गराएका थिए । मृत–आत्माको मुक्तिका लागि, विशेष गरी शिव लिङ्गको स्थापना गराउने प्रचलन अपेक्षाकृत लोकप्रिय रहेको देखिन्छ । साथै यस उद्देश्यको सिलसिलामा केही अन्य देवीदेवताको स्थापना गर्ने गरेको उदाहरण पनि भेटिन्छ । तर यहाँ पुरन्दरसिंहले दाई नरसिंहदेवको स्मृतिमा नरसिंहकै मूर्ति प्रतिष्ठित गर्नु खास महत्व राख्दछ । पुरन्दर सिंहले यस मूर्तिमा कहिं आफ्नो दाईको कल्पना त गरेका थिएनन् ? अर्थात् उनले नरसिंहको


---

९ **ललितपुरको दरवार-क्षेत्रमा, सम्वत् ७१० (विक्रम सवत् १६४६) मा, विष्णु सिंहका छोरा पुरन्दर सिंहले, परलोक भएका आफ्नो दाजुको लागि ग्रन्थ कूट शैलीको यो मन्दिर बनाउन लगाएका हुन् । नरसिंहको निम्ती नै विशेष रूपले निर्मित मन्दिर, काठमाडौं उपत्यकामा अन्यत्र भेटिंदैन (फलक ५) । अभिलेखको सबंधित अंश निम्न बमोजिमको छः—**

**"श्री श्री जय पुरन्दर सिंह देव ठाकुरसन ददा नरसिंहजु परलोक बिज्याङ । थोसते निमित्तन देवल ग्रन्थकूट दयका नरसिंह मूर्ति प्रतिमा स्थापन याङ... सम्वत ७१० कार्ति(क) शुक्ल २ ज्येष्ठ नक्षत्र सुकर्मनियोग शुक्रवार विच्छसंक्राति कुन्हु तया जुरो ।"**

१० **भारतमा डाणिवकोम्बु र एलोराको मूर्तिमा नरसिंहले खडग लिएको छ । पुरन्दर सिंहको नरसिंह मन्दिरको छेउको सानो देवलको काठको नरसिंहमा र ललितपुर सोठ नारायणको एउटा टुनालमा देखाइएको नरसिंहको वाहुलीमा पनि यस्तै खड्ग देखाइएको छ । अन्यत्र कतै फेला परेको छैन ।**





इनरवाको नरसिंह र मृगस्थली (हाल राष्ट्रिय संग्रहालय) को राज पुरुषको मूर्ति



पुरन्दर सिंहको विक्रम संवत् १६४६ को पाटन मंगल बजार स्थित नरसिंहको ग्रन्थ कूट शैलीको मन्दिर



पुरन्दर सिंहले स्थापना गरेको मूर्ति

यस मूर्तिमा आफ्ना दाई नर सिंहदेवको प्रतिकृति स्मरण गर्ने गराउने आकांक्षा त राखेका होइनन् (११)? विष्णु सिंहले विक्रम संवत् १६१० (ने. सं. ६७४) मा पाटन मंगलबजारमा निर्माण गराएको अर्को एक मन्दिरको टुनालमा पनि नरसिंहको प्रतिनिधित्व भएको पाइन्छ । पाटनकै सोठ–नारायणको मन्दिरमा नरसिंह अवतारको कथानकमा आधारित टुनालहरूको प्रयोग भएको छ । यस्तो अर्को उदाहरण अन्यत्र कतै पाइँदैन ।

"केवल–नरसिंह" को केही मूर्तिहरूका संबन्धमा विचार गर्नु अघि गोपीनाथ रावले उल्लेख गरेको "यानक–नरसिंह" लाई हेरौं (१२)। साथै ललितपुरको मन्दिरमा पाइएको "लक्ष्मी–नरसिंह" को मूर्तिमाथि पनि त्यसपछि दृष्टि दिइने छ ।

रावले आफ्नो पुस्तकमा, 'यानक–नरसिंह' लाई गरूड माथि अथवा आदिशेष माथि देखाइएको हुनुपर्छ भनि लेख्नु भएको छ । साथै यस रूपमा उनको चार वाहुली हुनुपर्ने र सिरमाथि पांच वटा सिर भएको आदि-शेष (नाग) हुनुपर्छ भन्ने कुरा पनि उल्लेख गर्नु भएको छ । गोपीनाथ रावले बडो निश्चित र स्पष्ट शब्दमा यानक–नरसिंहको एउटा सम्म पनि मूर्ति भारतमा फेला परेको छैन भनि लेख्नु भएको छ । भारतको विशाल भण्डारमा फेला नपरेको यानक नरसिंहको मूर्ति नेपालमा पाउनु सामान्यतया कठिन नै होला । तथापि पनि ललित-पुरमा देखिएको ढलौटको एउटा सुकुण्डा ( फलक नं.६ ) ले विचार वा अनुमानका लागि सानो अवसर अवश्य दिएको छ । चार वाहुली भएको उल्लिखित सुकुण्डाको नरसिंहले बसेको मुद्रामा हिरण्यकशिपुको बध गर्न लागेको छ । यानक–नरसिंहको ध्यान अनुरूप यस नरसिंहले दुई वाहुलीमा शङ्ख र चक्र ग्रहण गरेको छ । विधान अनुसार यहाँ नरसिंहलाई गरूड माथि अथवा आदिशेष माथि बसेको नदेखाइएतापनि यानक–नरसिंहको ध्यान अनुसार उनको पछिल्तिर पांच सिर भएको आदिशेष चाहिं अवश्य देखाइएको छ । नेपालमा देखिने नागको मूर्तिहरूमा पाँच, सात, नौ, एघार आदि विभिन्न संख्यामा सिरहरू देखाइएको हुन्छ । तर यहाँ उल्लिखित सुकुण्डाको शङ्ख, चक्र धारणा गरेको नरसिंह माथि शास्त्रले चाहे बमोजिम-को पांच सिर भएको आदिशेषलाई नै देखाइनु विशेष महत्वको कुरा हो । यति कै आधारमा यसलाई अन्तिम तवरमा यानक–नरसिंह भनि प्रमाणित गर्ने स्थिति छैन भने पूर्णतया अस्वीकृत गर्नुको पनि कुनै औचित्य छैन । यसै गरि यहाँ केही हरफमा पाटन-को "लक्ष्मी–नरसिंह" (फलक नं. ७...) को चर्चा

---

**११ डा० मेरी सेफर्ड स्लुसर र श्री गौतमवज्र बज्राचार्यले संयुक्त रूपमा लेख्नु भएको लेखमा, विष्णुगुप्तले आफु र आफ्ना छोराहरूलाई, विष्णु र उनको आयुध पुरुषहरूको रूपमा प्रस्तुत गरेको कुरा लेख्नु भएको छ । नरसिंहको माथि उल्लिखित मूर्तिले पनि सहजै त्यसै कुराको संकेत गराउँछ । डा० स्लुसर र श्री बज्राचार्यको लेखका लागि हेर्नुस्;** *ARTIBUS ASIAE Vol XXXV* **मा प्रकाशित लेखहरू,** *"Some Nepalese Stone Sculptures: A Reappraisal"* र *"Some Nepalese Stone Sculptures: Further Notes"*

१२ *Gopinath Rao, Elements of Hindu Iconography, Vol I–Part I, P. 154*

गरि हालौं । कदाचित नेपालमा देखिएको "लक्ष्मी–नरसिंह" को (स्वतंत्र रूपमा बनेको) यो एउटा सुन्दर मूर्ति हो (१३) । यहाँ लक्ष्मी–नरसिंहले अनुग्रह र करूणाको भाव पोखिरहेको छ । नरसिंह जस्तो "उग्र" देवतालाई यस सरस, सरल र शान्त भावमा प्रस्तुत गर्नु, मात्र भक्ति रसको चरमोत्कर्षको परिणाम हो । लक्ष्मी–नरसिंहको ढुंगाको एउटा उभिएको मल्लकालीन मूर्ति पाटन, सौगलको ढुंगाको मन्दिरमा पनि देखिएको छ । चार बाहुली भएको यस अप्राप्य मूर्तिमा नरसिंहको दाहिने बाहुलीले चक्र र शङ्ख तथा देब्रे बाहुलीले गदा र कमल ग्रहण गरेको छ । साथै देब्रे बाहुलीले नै लक्ष्मीलाई स्पर्श गरेको छ ।

'केवल–नरसिंह" (योग–नरसिंह) को मूर्ति हामी कहाँ दुर्लभ छ । यस रूपमा दुई वा चार बाहुली भएको नरसिंहलाई प्रायः बसेको अवस्थामा देखाइन्छ । तर केवल–नरसिंहको केही उभिएको मूर्ति पनि भेटिएको छ । केवल–नरसिंहको ध्यान अनुसार उनको माथिल्लो दाहिने बाहुलीमा चक्र र माथिल्लो देब्रे बाहुलीमा शङ्ख हुनुपर्छ । साथै उनको तल्लो दुवै हाथ घुंडा माथि राखिएको हुनुपर्छ । तर 'शिल्परत्न'ले आयुधहरू ग्रहण गर्ने बेग्लै विधान दिएको छ । सो अनुसार 'केवल–नरसिंह' को दुई बाहुलीमा चक्र र शङ्ख र अर्को दुई बाहुलीमा गदा र पद्म हुनुपर्छ । काठमाडौंमा स्पष्ट रूपले 'केवल–नरसिंह' को श्रेणिमा राख्न सकिने उभिएको मूर्ति आजसम्म भेटिएको छैन । तर पुरन्दर सिंहको नरसिंह मन्दिरको छेउमै रहेको एउटा सानो देवलमा केवल नरसिंह वा योग-नरसिंहको ( फलक नं. ८ ... ) प्रतिनिधित्व भएको देखिन्छ (१४) । "केवल–नरसिंह" को ध्यान अनुरूप उनको माथिल्लो दाहिने बाहुलीमा चक्र र माथिल्लो देब्रे बाहुलीमा शङ्ख हुनाका साथै तल्लो दुवै हात घुंडामाथि राखिएको छ ।


फेरि अब फर्कौं, यस लेखको मुख्य विषय, इनरूवाको नरसिंह मूर्ति तर्फ । नरसिंहको यस मूर्तिलाई कुन श्रेणिमा राख्ने ? यहाँ भारतको बादामीमा फेला परेको नरसिंहको एउटा विशिष्ट मूर्तिलाई लियौं भने इनरूवा नरसिंहलाई बुझ्न मदत मिल्ने छ (१५)।

---


१३ "लक्ष्मी-नरसिंह" को मूर्ति भारतमा पनि कम संख्यामा पाइन्छ । गोपीनाथ रावले मद्रास म्यूजियममा रहेको लक्ष्मी-नरसिंहको दुई मूर्तिहरूको उल्लेख गर्नु भएको छ । नेपाली लक्ष्मी-नरसिंहको विपरीत भारतीय लक्ष्मी–नरसिंहमा चार बाहुलीहरू देखाइएको छ । नेपाली लक्ष्मी नरसिंहको अप्राप्य मूर्ति पुरन्दर सिंहले बनाउन लगाएको पाटन मंगलबजारको नरसिंह मन्दिर भित्र छ । पुरुन्दर सिंहले स्थापना गरेको मुख्य नरसिंह–मूर्तिको छेउमा रहेको यो "लक्ष्मी–नरसिंह" केही पछि बनेको बुझिन्छ ।

१४ जे. एन्. बनर्जीले आफ्नो पुस्तक "*The Development of Hindu Iconography*" मा देवगढको गुप्तकालीन मन्दिरको चैत्य–शैलीको झ्याल माथि, सुखासनमा बसेको केवल–नरसिंहको शान्त मूर्तिको उल्लेख गर्नु भएको छ । साथै गुप्तकालीन माटोको मुद्रामा पनि केवल-नरसिंहको चित्रण भएको सूचना दिनु भएको छ ।

१५ गोपीनाथ रावले आफ्नो पुस्तकमा बादामीको यस विशिष्ट किसिमको, उभिएको केवल–नरसिंहको चित्र र विवरण दिनु भएको छ । यसैको उद्धरण जे. एन. बनर्जीले पनि गर्नु भएको छ । सी. शिव राममूर्तिले आफ्नो पुस्तक, '*Indian Sculpture*' मा वाकाटक, पल्लव, चालुक्य पाण्ड्य आदि कलामा नरसिंहको प्रतिनिधित्व भएको जानकारी दिनु भएको छ ।



सुकुण्डाको अग्रभागमा प्रस्तुत नरसिंह (यानक–नरसिंह ? )



ललितपुरको "लक्ष्मी–नरसिंह"

इनरूवाको नरसिंह झैं बादामीको नरसिंहको पनि चार बाहुली छ र दुवैलाई उभिएको अवस्थामा देखाइएको छ । बादामीको नरसिंहको बाहुलीमा शङ्ख, चक्र, गदा र पद्म छ । इनरुवा नरसिंहको तीन आयुधहरू यो संग मिल्छ । केवल दाहिने माथिल्लो बाहुलीको आयुध मात्र निश्चित छैन । इनरूवा नरसिंह झैं बादामीको नरसिंहको अनुहार पनि तटस्थ र शान्त छ । गोपीनाथ रावले बादामी नरसिंहलाई स्पष्ट तबरसंग केवल–नरसिंहको एउटा विशिष्ठ प्रकार भनि लेख्नु भएको छ ।

जस्तो कि माथि नै भनि सकिएको छ, इनरूवा–नरसिंहलाई उग्र रूपमा नभई 'शान्त' रूपमा प्रस्तुत गरिएको छ । उनको केश विन्यास, केही झुकेको सिर, नासाग्र–दृष्टि तथा शान्त र सौम्य अनुहारमा करूणा र विनयशीलताका साथै एउटा योगीको आदर्श झल्किन्छ । तसर्थ बादामी नरसिंह झैं, निर्विवाद रूपले इनरुवा–नरसिंहलाई पनि "केवल–नरसिंह" को एउटा विशिष्ट प्रकार भनि प्रमाणित गर्न सकिन्छ । तर साथसाथै बादामी नरसिंह भन्दा इनरुवा नरसिंह प्राचीन हो भन्ने कुरा पनि निर्विवाद छ । बादामी नरसिंहमा विकसित युगको लक्षणहरू देखिन्छ । इनरुवाको नरसिंह मूर्तिमा कुषाण र गुप्त कालीन तत्वहरूको सम्मिश्रण भएको देखिन्छ । कलाको विकास क्रममा एउटा यस्तै संक्रमण काल पनि थियो । शरीरको दृढता र सन्तुलन, बलिष्ठ भूजाहरू, आयुधहरूको बनौट र प्रस्तुतिकरण, साधारण र सादा आभुषण र बिशेष गरी एकदमै कोरा सादा प्रभा मण्डल (प्रायः गोलाकार) ले यस कुराको पुष्टि गर्दछ । भारतमा कुषाणकालमा आएर, सर्वप्रथम तेज चक्र वा प्रभामण्डल देखा पर्छ । त्यहाँ पाइने बुद्धको प्राचीनतम मूर्तिहरूमा यस्तै एकदम सादा प्रभामण्डल देखिन्छ । पछि गुप्तकालमा आएर मात्र यसको विकसित र अलंकृत रूप देखा पर्छ । कुषाणकालीन भारतीय मूर्तिहरूमा सादा प्रभामण्डलको किनारामा केही चुडिदार कटावको चिन्ह पनि भेटिन्छ । इनरूवा नरसिंहको सादा प्रभामण्डलको छेउमा देखिने धर्को किसिमको कटावको चिन्हले त्यसै कुराको स्मरण गराउंछ । यसरी एकातिर इनरूवा–नरसिंहले कुषाणकालीन लक्षण र विशेष गरी प्रभा–मण्डलको संझना गराउंछ भने अर्कोतिर यसले हामीलाई अनायास मृगस्थली (हाल राष्ट्रिय संग्रहालय) को "राजपुरूष" को प्राचीन–मूर्तिको पनि याद गराउँछ । दुवै मूर्तिको सन्तुलन र प्रस्तुतिकरणमा अनौठो समानता देखिन्छ । विशेष गरी दुवैको सादा प्रभा–मण्डलले बरबस हाम्रो ध्यानाकर्षण गर्दछ (१६)। अब इनरुवा नरसिंहलाई एक बेग्लै पक्षबाट पनि विचार गरौं । पूर्वी नेपालको जुन भौगोलिक इलाकामा नरसिंहको यो मूर्ति फेला परेको छ त्यो स्वयंमा एउटा निकै समृद्ध र प्राचीन क्षेत्र हो । यस कुराको पुष्टि मोरंगको करीब द्वितीय शताब्दी ईशापूर्वको भेडियारीको पुरातात्विक स्थलले र वराह क्षेत्रको प्राचीन स्मारकहरूले गर्दछ । ईशाको प्रारंभिक शताब्दीहरूमा नै वराह क्षेत्र एउटा वैष्णव धर्म, संस्कृति र कलाको केन्द्रको रूपमा विकसित भइ सकेको थियो । तसर्थ इनरूवा नरसिंह फेला परेको क्षेत्र पनि यी दुवै संस्कृतिको समकालीन थियो भन्ने कुरामा विश्वास गर्न सकिन्छ । उल्लिखित विभिन्न कारणहरूबाट र यस मूर्तिमा देखिएको कुषाण र गुप्तकालीन कलाको अपूर्व सम्मिश्रणबाट, यस मूर्तिलाई ईशाको चतुर्थ शताब्दीको उत्कृष्ट नमुना मात्र कुनै

---

**१६ इनरुवा नरसिंहले हामीलाई लखनउ संग्रहालयको विष्णुको पनि स्मरण गराउंछ, जसलाई डा० प्रतापादित्य पालले ईशाको चौथो शताब्दीको मूर्ति मान्नु भएको छ ।**

गाह्रो पर्ने छैन । कुषाण र गुप्त कलाको संगमको रूपमा र सो अवस्थाको संक्रमणकालको प्रस्तुत केवल-नरसिंह एउटा अनौठो उदाहरण हो । साथै यहाँ यो लेख्नु पनि अप्रासंगिक हुने छैन कि नरसिंहको यो विशेष प्रकारको मूर्ति नेपालको मात्र नभइ कदाचित भारतमा समेत फेला परेको नरसिंहको प्राचीनतम मूर्तिमध्ये एक हो । अन्त्यमा, यस मूर्तिको प्राप्तिले नेपालमा चांगु नारायणको नरसिंहको मूर्ति भन्दा प्राचीन अर्को नरसिंह–मूर्ति छैन भन्ने धारणालाई पनि सदाको लागि समाप्त गरिदिएको छ (१७) ।

---

**१७ डा० प्रतापादित्य पालले चांगु-नरसिंहलाई बाह्रौं शताब्दीको मूर्ति मान्नु भएको छ । साथै वहाँले यस लाई नेपालमा पाइने नरसिंहको प्राचीनतम मूर्ति भनि लेख्नु भएको छ । यसको लागि हेर्नुस्, वहाँको पुस्तक** *"Vaisnava Iconol gy in Nepal"*

**नेपाली कलामाथि लेखिएको वहाँको अर्को नयाँ पुस्तकमा यसै चांगु–नरसिंहलाई तेह्रौं शताब्दीको भन्नु भएको छ । हेर्नुस्, वहाँको पुस्तक** ' *The Arts of Nepal, Vol one, Sculpture."*



ललितपुर मंगल वजारको सानो देवलमा देखिएको केवल नरसिंहको मूर्ति